ITUC-NAC

# योगदानमा आधारित सामाजिक सुरक्षा सम्बन्धि

# तालीम पुस्तिका

२०७५

<u>योगदानमा आधारित सामाजिक सुरक्षाको पाठ्यक्रम</u>

लक्षित समूहः- यूनियनका नेताहरु तथा साधारण सदस्यहरु
तालीमले समेट्ने क्षेत्रः- औपचारिक, अनौपचारिक तथा स्वरोजगार क्षेत्रका श्रमिकहरु
तालीमको उद्देश्यः- योगदानमा आधारित सामाजिक सुरक्षा र यसको महत्वको बारेमा बताउन सक्नेछन्

## <u>बिषय सूची</u>

### *पाठ-१*
### *सामाजिक सुरक्षा संवन्धि संक्षिप्त जानकारी*

- परिचय
- सामाजिक सुरक्षाको विकासक्रम
- योगदानमा आधारित सामाजिक सुरक्षा के हो ?
- सामाजिक सुरक्षाको उद्देश्य
- आवश्यकता र महत्व
- सामाजिक सुरक्षाका विशेषताहरु
- योगदानमा आधारित सामाजिक सुरक्षाका सिद्धान्तहरु
- योगदानमा आधारित सामाजिक सुरक्षाका आधारहरु

### *पाठ-२*
### *सामाजिक सुरक्षाका संवधमा राष्ट्रिय तथा अन्तरर्राष्ट्रिय अभ्यास र कानूनी व्यवस्था*

- सामाजिक सुरक्षाका संवन्धि राष्ट्रिय तथा अन्तरर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं १०२
- सामाजिक सुरक्षा सम्वन्धमा नेपालको संविधानमा भएको व्यवस्था
- योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७४ र नियमावली २०७५ मा भएका व्यवस्था
- सामाजिक सुरक्षा सम्बन्धि अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १०२ ले समेटेका सामाजिक सुरक्षाका क्षेत्रहरु

### *पाठ-३*
### *योगदानमा आधारित सामाजिक सुरक्षा संवन्धि व्यवस्था*

- योगदानमा आारित सामाजिक सुरक्षाका योजना भन्नाले के बुझिन्छ ?
- योगदानमा आधारित सामाजिक सुरक्षा योजनाबाट प्राप्त हुने सुविधाहरु के के हुन ?
- कस्ता प्रकारका श्रमिकहरुले सामाजिक सुरक्षा योजनामा सहभागि हुन पाउँछन् ?
- आश्रित परिवार भन्नाले के बुझिन्छ ?

### *पाठ-४*
### *सामाजिक सुरक्षा योजनामा रोजगारदाता तथा श्रमिकको योगदान सम्बन्धि व्यवस्था*

- सामाजिक सुरक्षाको योगदान भन्नाले के बुझिन्छ ?
- योगदानको दर कसरी निर्धारण गरिन्छ ?
- योगदान रकम कसरी संकलन र बाँडफाँड गरिन्छ ?
- योगदान योग्य आय भन्नाले के बुझिन्छ ?

- योगदानकर्ता भनेर कसलाई चिनिन्छ ?
- कस्तो अवस्थामा योगदानको दर हेरफेर हुन सक्छ ?

## *पाठ-५*
## *रोजगारदाता तथा श्रमिकको सूचीकरण तथा परिचय पत्र सम्वन्धि व्यवस्था*

- सूचिकरण भन्नाले के बुझिन्छ ?
- रोजगारदाताको सूचिकरण भनेको के हो ?
- श्रमिकको सूचिकरण भनेको के हो ?
- रोजगारदाता तथा श्रमिकको सूचिकरण प्रक्रिया
- रोजगारदाता तथा श्रमिकको सूचिकरण नभएमा के हुन्छ ?

## *पाठ-६*
## *विविध*

- रोजगारदाताले जम्मा गर्नुपर्ने योगदान रकम कोषमा जम्मा नगरेमा के कारवाही हुन्छ ?
- योगदानमा आधारित सामाजिक सुरक्षा कोष संचालनमा नेपाल सरकारको भूमिका र दायित्व

## *तालीम पुस्तिकाका सम्बन्धमा*

सामाजिक सुरक्षा एक बृहत् अवधारणा हो । यसका लागि राज्यको हस्तक्षेपकारी भूमिकाको आवश्यकता पर्दछ । किनभने यो प्रणाली कमजोर भन्दा कमजोर व्यक्तिले पनि आर्थिक तथा सामाजिक रुपमा सुरक्षित महशुस गर्न पाउनु पर्दछ र सम्मानजनक जीवन जिउन सक्षम हुनु पर्दछ भन्ने मान्यतामा आधारित छ । आज विश्व जति जति आधुनिकीकरण तर्फ लम्किरहेको छ, त्यति त्यति सामाजिक सुरक्षाको विषयले प्राथमिकता पाइरहेको अवस्था छ । नेपालमा पनि अधिकांश नागरिक एवं श्रमजीवी वर्ग शिक्षा, स्वास्थ्य, रोजगारी, आवास तथा आधारभूत आवश्यकताबाट अझै पनि वञ्चित छन् । राज्यले न्यून प्रतिशतमा रहेका जेष्ठ नागरिक, एकल महिला, विपन्न एवं पीछडिएका वर्गका जनता र बालबालिकाहरुलाई सीमित सामाजिक कार्यक्रमहरु मार्फत संरक्षण प्रदान गरेता पनि करिव १ करोड भन्दा बढी श्रम क्षेत्रमा संलग्न श्रमिकहरु सामाजिक सुरक्षा एवं श्रम कानूनको दायरामा आउन सकेका छैनन् । सरकारी सेवा, प्रतिष्ठान र सीमित सरकारी स्वामित्वका उद्योग, प्रतिष्ठानमा कार्यरत श्रमिकहरुलाई उपदान, पेन्सन, सञ्चयकोष, औषधोपचार सेवा र स्वास्थ्य बिमा लगायतका सुविधा उपलव्ध भएता पनि अधिकांश नियमित रोजगारमा संलग्न श्रमिकहरु सामाजिक सुरक्षा योजनाबाट बञ्चित रहेका छन् ।

मुलुक संघीय लोकतान्त्रिक व्यवस्थामा रुपान्तरित भएसँगै जारी भएको नयाँ संविधानमा प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हकको प्रत्याभूति गरिएको छ भने जेष्ठ नागरिकलाई विशेष संरक्षण सहित सामाजिक सुरक्षाको हक र आर्थिकरुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका एकल महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका लगायतका नागरिकलाई पनि सामाजिक सुरक्षाको हक कायम गरिएको छ । सोही संविधानको भावनालाई आत्मसात गर्दै २०७४ सालमा श्रम क्षेत्रमा संलग्न सवै श्रमिकहरुलाई समेट्ने गरी नयाँ श्रम ऐन र योगदानमा आधारित सामाजिक सुरक्षा ऐन समेत जारी भई सकेको छ भने योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली २०७५ र सामाजिक सुरक्षा योजना संचालन कार्यविधि २०७५ समेत कार्यान्वयन प्रक्रियामाको चरणमा रहेको छ । नेपालमा क्रियाशील ट्रेड यूनियन महासंघहरुको लामो प्रयत्न र प्रयास तथा रोजगारदाता र सरकारको श्रमिक प्रतिको सकारात्मक दृष्टिकोणको फलस्वरुप जारी ऐन र नियमावलीका कार्यान्वयनसँगै पहिलो चरणमा संगठित क्षेत्रका, उद्योग/प्रतिष्ठानमा कार्यरत श्रमिकहरुले आफ्नो समेत योगदान रहने गरी सामाजिक सुरक्षाको योजनामा सहभागी हुने अवसर प्राप्त भएको छ । यसबाट ILO को अभिसन्धि नं. १०२ ले समेटेका सामाजिक सुरक्षाका योजना मध्ये प्रमुख योजनालाई आत्मसात गर्दै मुलुकका श्रमिकहरु र ट्रेड यूनियन महासंघहरुको बहु प्रतीक्षित सपनालाई मूर्तरुप दिएको छ । यद्यपि, यो ऐनले अनौपचारिक एवं स्वरोजगार क्षेत्रका श्रमिकहरुलाई अझैपनि पूर्णरुपमा समेट्न सकेको अवस्थामा छैन । यसका निम्ति ट्रेड यूनियन महासंघहरुको सार्थक प्रयाश, निरन्तर समन्वय र सहकार्यको आवश्यकता छ ।

***अन्त्यमा,***

संगठित क्षेत्रका उद्योग/प्रतिष्ठानस्तरका ट्रेड यूनियनका नेतृत्व तहका पदाधिकारी एवं सदस्यहरुले योगदानमा आधारित सामाजिक सुरक्षाबाट आफ्ना सदस्यहरुलाई सामाजिक सुरक्षाको आवश्यकता एवं महत्वको बारेमा बुझाउन सक्नेछन् र योगदानमा सहभागिता र सूचिकरण हुने विधि एवं प्रक्रिया र यसबाट हुने फाइदाका बारेमा आफ्ना सदस्यहरुलाई बताउन सक्षम हुनेछन् भन्ने विश्वासका साथ यो तालीम पुस्तिका तयार गरिएको छ ।

## *पाठ - १*
## *सामाजिक सुरक्षा सम्बन्धि संक्षिप्त जानकारी*

### *परिचय*

हरेक मुलुकका नागरिक एवं श्रमजीवीहरुलाई जीवनको प्रारम्भ देखि अन्तिम अवस्थासम्म विभिन्न किसिमका आर्थिक तथा सामाजिक समस्याहरु आई पर्दछन् । यस्ता समस्याहरु मानिसको काबु बाहिरको परिस्थितिका कारण श्रृजना हुने गर्दछन् र उ आफैं यस्ता समस्याहरु सहज ढंगले समाधान गर्न असमर्थ रहन्छ । तसर्थ राज्यले आफ्ना नागरिकहरुको जीवनमा मानवीय असावधानी र प्राकृतिक प्रकोपका कारण आईपर्ने असामान्य एवं अनियन्त्रित अवस्थाबाट जोगाउन र आर्थिक संरक्षण प्रदान गर्न आर्थिक एवं गैह्र आर्थिक सहयोग एवं संरक्षणका कार्यक्रमहरु मार्फत आफ्ना नागरिकलाई सुरक्षा प्रदान गर्ने कार्य गर्दछ । यस्ता कार्यक्रमहरु सामान्य नागरिकको हकमा सरकारले आर्थिक रुपले विपन्न, असक्त, असहाय, जेष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति, बालवालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने व्यक्ति तथा लोपोन्मुख जाति एवं पिछडिएका समुदायलाई आफ्नो बार्षिक बजेट वक्तव्य एवं कार्यक्रम मार्फत आर्थिक एवं सामाजिक सुरक्षा प्रदान गर्दछ भने श्रम क्षेत्रमा संलग्न श्रमिकको हकमा आम्दानी घटेको, गुमेको, रोकिएको अवस्थामा सहयोग, मातृत्व संरक्षण, बालबच्चाको हेरचाह, शैक्षिक सहयोग, विरामी वा दुर्घटनामा परेको अवस्थामा उपचार, बृद्धावस्था एवं बेरोजगार अवस्थामा सहयोग पुऱ्याउन कानूनी व्यवस्था गरी राज्य वा रोजगारदाताले श्रमिक र निजको आश्रित परिवारलाई योगदानमा आधारित रहेर वा नरहेर कार्यक्रमहरु संचालन गर्दछ ।

अत: आर्थिक एवं सामाजिक रुपमा कमजोर, असक्षम एवं जोखिममा परेको, शिक्षा, स्वास्थ्य, रोजगार तथा आवास जस्ता आधारभूत आवश्यकताबाट बञ्चित रहेको व्यक्ति, श्रमिक र तिनका आश्रित परिवारलाई योगदानमा आधारित रहेर वा नरहेर राज्य वा रोजगारदाताले संचालन गर्ने विभिन्न प्रकारका सुरक्षा योजनालाई सामाजिक सुरक्षाको रुपमा बुझ्न सकिन्छ ।

### *सामाजिक सुरक्षाको विकासक्रम*

विश्वमा सामाजिक सुरक्षा प्रणाली सर्व प्रथम जर्मनबाट प्रारम्भ भएको हो । सन् १८८० देखि सन् १८८९ को बीचमा जर्मनीका चान्सलर विस्मार्कले विभिन्न प्रकारका सामाजिक विमाका रुपमा सामाजिक सुरक्षा प्रणाली शुरु गरेका थिए । जस अन्तर्गत अनिवार्य दुर्घटना विमा योजना, विरामी योजना, चोटपटक र बृद्धावस्था बिमा रहेको थियो । सन् १९३५ मा अमेरिकामा सामाजिक सुरक्षण ऐन लागू भएको थियो भने बेलायतमा सन् १९११ मा राष्ट्रिय बिमा ऐन पारित गरिएको थियो । त्यसैगरी फ्रान्समा सन् १९०२ मा स्वेच्छिक बेरोजगार बिमा र सन् १९२८ मा अनिवार्य बृद्धावस्था तथा बिरामी बिमा योजना लागू भएको थियो । तत्कालीन सोभियत संघले सन् १९२२ मा समाजवादी अर्थनीतिको मुख्य अंगको रुपमा एकीकृत सामाजिक सुरक्षण प्रणाली लागू गऱ्यो । एसियाली मुलुक जापानले सर्वप्रथम सन् १९४० मा सामाजिक सुरक्षण कार्यक्रमको रुपमा निजि तथा सार्वजनिक क्षेत्रका कर्मचारीलाई समेट्ने गरी Public Pension Scheme प्रारम्भ गरेको थियो भने भारतले सन् १९५२ देखि कर्मचारी सञ्चयकोष संगठनको स्थापना गरी सामाजिक सुरक्षा योजना प्रारम्भ गरेको थियो । हाल उक्त मुलुकले औपचारिक तथा अनौपचारिक क्षेत्रका श्रमिकहरुलाई पनि कल्याणकारी बोर्ड मार्फत विभिन्न प्रकारका सामाजिक संरक्षणका कार्यक्रम संचालन गर्दै आएको छ । त्यसैगरी मलेसिया, सिंगापुर, थाइल्याण्ड जस्ता मुलुकहरुले पनि हाल स्वास्थ्योपचार, परिवार संरक्षण, सञ्चयकोष, निवृत्तिभरण, आवास, स्वास्थ्य कार्यक्रम र सामाजिक सहयोगका कार्यक्रम मार्फत स्वदेशी तथा बैदेशिक रोजगारमा संलग्न श्रमिकहरुलाई सामाजिक सुरक्षाका योजनाहरु संचालन गरेका छन् ।

नेपालमा वि.सं. १९९१ मा सैनिकहरुका लागि सैनिक द्रव्यकोषको स्थापनाबाट शुरु भएको सामाजिक सुरक्षाको विकासक्रम वि.सं. २०१९ मा कर्मचारी संचयकोषको स्थापना हुँदै २०४७ मा

नागरिक लगानी कोषको स्थापना, वि.सं. २०४८ र २०४९ सालमा श्रम ऐन र श्रम नियमावलीको व्यवस्था भै २०६६ सालमा नियमित रोजगारीमा संलग्न श्रमिकहरुबाट सामाजिक सुरक्षा कर संकलन गर्ने व्यवस्था प्रारम्भ भएको र २०७४ सालमा योगदानमा आधारित सामाजिक सुरक्षा ऐन जारी भई हाल सो अन्तर्गतका नियमावली तथा सामाजिक सुरक्षा कोष कार्यविधि कार्यान्वयन प्रक्रियामा आएको छ । नेपालका सवै प्रकृतिका काममा संलग्न श्रमिकहरुका लागि योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीको शुरुवात भएको छ ।

***योगदानमा आधारित सामाजिक सुरक्षा के हो ?***

सामान्यतया : सामाजिक सुरक्षा भन्नाले ***सवैको लागि*** भन्ने बुझिन्छ तर योगदानमा आधारित भन्नाले श्रमिकले आफ्नो पारिश्रमिकबाट निश्चित प्रतिशत रकम सामाजिक सुरक्षा कोषमा योगदान गर्ने र आफुले गरेको योगदानको अनुपातमा रोजगारदाता वा सरकारले योगदान गरी जम्मा हुन आएको योगदान रकमबाट योगदानकर्ताका लागी बिभिन्न सुरक्षा योजनाहरु संचालन गर्ने सामाजिक सुरक्षा प्रणालीलाई योगदानमा आधारित सामाजिक सुरक्षा भनिन्छ । नेपालको संविधानमा श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुने संवैधानिक व्यवस्था गरेको छ ।

***सामाजिक सुरक्षाको उद्देश्य***

- ✓ आर्थिक पक्ष कमजोर भएकालाई आवश्यक आर्थिक सहयोग गर्नु ।
- ✓ सामाजिक रुपमा जोखिममा रहेकालाई समाजमा पुर्नस्थापना गर्नु ।
- ✓ स्वास्थ्यमा पहुँच नभएकाहरुका लागि स्वास्थ्य सुविधा उपलब्ध गराउनु ।
- ✓ शिक्षाबाट बञ्चितहरुका लागि शिक्षाको उचित प्रवन्ध गर्नु ।
- ✓ बसोवासको समस्या भएका लागी उचित बासस्थानको प्रवन्ध गर्नु ।
- ✓ आर्थिक तथा सामाजिक रुपमा श्रृजना हुने संभाव्य जोखिमहरुलाई आर्थिक सुरक्षा प्रदान गर्नु ।
- ✓ श्रमिकको उत्पादकत्व बृद्धि गरी समाज तथा राज्यको आर्थिक विकासमा योगदान पुऱ्याउनु ।

***आवश्यकता तथा महत्व***

समाजमा मानिसलाई जीवनको प्रारम्भ देखि अन्तिम अवस्थासम्म विभिन्न आर्थिक तथा सामाजिक समस्याहरु आईपर्दछन् र ती समस्याहरु सहज ढंगले समाधान नभई मानिसमा थप जटिलता पैदा हुन जान्छ । तसर्थ श्रमिकका समस्याहरुको सहजढंगले समाधान गर्न र संभाव्य जोखिमलाई आर्थिक संरक्षण प्रदान गर्न सामाजिक सुरक्षाको आवश्यकता पर्दछ ।

- ✓ कार्यस्थल वा अन्य अवस्थामा दुर्घटना भएमा सुविधा प्राप्त गर्न
- ✓ आफुले गर्ने कामका कारण हुने व्यवसायजन्य रोगहरुको उपचार वापतको सुविधा पाउन ।
- ✓ बिभिन्न कारणले हुने शारिरीक र मानसिक असक्षमतामा सुविधा प्राप्त गर्न ।
- ✓ सुत्केरी हुने तथा भएपछि उत्पन्न हुने समस्यामा आवश्यक सहयोग र उपचार प्राप्त गर्न ।
- ✓ बिरामी वा असक्त भई आय आर्जन गर्न नसकेको र वेरोजगार भएको अवस्थामा सुविधा प्राप्त गर्न ।
- ✓ बृद्धावस्था भई आय आर्जन गर्न नसकेको अवस्थामा जीविकोपार्जनमा सहजता ल्याउन ।
- ✓ भवितव्य एवं संभाव्य जोखिमबाट हुने विभिन्न नोक्सानीमा आर्थिक सुरक्षा प्रदान गर्न ।
- ✓ बालबच्चाको शिक्षामा सहयोग पुऱ्याउन ।
- ✓ आश्रित परिवारलाई आर्थिक सुविधा उपलव्ध गराउन ।

***सामाजिक सुरक्षाका विशेषताहरु***

- ✓ सामाजिक सुरक्षा मर्यादित कामको अभिन्न पाटो हो ।

- ✓ मानव अधिकारको विश्वव्यापी घोषणा पत्रले सामाजिक सुरक्षालाई आधारभूत मानव अधिकारको रुपमा स्वीकार गरेको छ ।
- ✓ राज्यको जनता प्रति र रोजगारदाताको श्रमिक प्रतिको उत्तरदायित्व हो ।
- ✓ सामाजिक सुरक्षाले गुणस्तरीय जीवन (Quality of Life) बाँच्न पाउने नैसर्गिक अधिकारको प्रत्याभूति गर्दछ ।
- ✓ सामाजिक सुरक्षा कार्यक्रममा सरकार, रोजगारदाता श्रमिकको त्रिपक्षीय योगदान रहेको हुन्छ ।
- ✓ मुलुकको आर्थिक एवं सामाजिक संरचना अनुसार सामाजिक सुरक्षाका कार्यक्रमहरुको स्वरुप फरक फरक हुन सक्दछ ।
- ✓ सामाजिक सुरक्षाले जीवनस्तर वा आय बृद्धि गर्ने नभई आयको सुरक्षा र जीवनस्तर सुनिश्चित गर्न सहयोग पुऱ्याउँदछ ।

***<u>योगदानमा आधारित सामाजिक सुरक्षाका सिद्धान्तहरु :</u>***

- ✓ योगदान नगर्नेले यस योजनामा सहभागी हुन पाउँदैन ।
- ✓ यसका सम्पूर्ण योजनाहरु श्रमिकहरुका प्रतिनिधिसमेत रहेको त्रिपक्षीय संचालक समितिबाट संचालन हुन्छ ।
- ✓ सामाजिक सुरक्षा योजनाबाट योगदानकर्ताको भूक्तानीको पूर्ण सुनिश्चितता रहेको छ ।
- ✓ यसले औपचारिक, अनौपचारिक तथा स्वरोजगार क्षेत्रका सम्पूर्ण श्रम शक्तिलाई समेटदछ ।
- ✓ श्रमिकले योगदानका आधारमा सुरक्षा योजनाबाट सुविधा प्राप्त गर्दछ ।
- ✓ कोषमा रोजगारदाता, श्रमिक र सरकार समेतको योगदान रहन्छ ।

***<u>योगदानमा आधारित सामाजिक सुरक्षाका आधारहरु</u>***

- ✓ श्रमिकको आम्दानीको निश्चित प्रतिशत योगदान भएको हुनु पर्दछ ।
- ✓ रोजगारदाताले पनि श्रमिकको आम्दानी अनुसारको योगदान गरेको हुनु पर्दछ ।
- ✓ सरकारको समेत सुरक्षा योजना सञ्चालनमा निस्चित प्रतिशत योगदान हुन्छ ।
- ✓ योगदान गर्नेले मात्र सुरक्षा योजनाबाट सुविधा प्राप्त गर्दछ ।
- ✓ योगदानका आधारमा सुविधा प्राप्त हुन्छ ।
- ✓ श्रमिकको योगदान श्रमिक र रोजगारदाता दुवैले गर्दछन ।

## *पाठ - २*
## *सामाजिक सुरक्षाको सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यास र कानूनी व्यवस्था*

- ✓ सामाजिक सुरक्षा सम्बन्धि अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १०२ ले सामाजिक सुरक्षा सम्बन्धि न्यूनतम मापदण्डको महासन्धि सन् १९५२ मा पारित गरी श्रमिकलाई दिइने सामाजिक सुरक्षाको विषय, श्रमिकले पाउने विभिन्न सामाजिक सुरक्षाको सम्बन्ध र सामाजिक सुरक्षाका सुविधाहरु र यसले समेट्ने क्षेत्र तथा लक्षित समूहका सम्बन्धमा उल्लेख गरेको छ ।
- ✓ महासन्धि नं. ११८ ले व्यवहारमा समानता र राष्ट्रका नागरिकको सामाजिक सुरक्षाको प्रत्याभूति गरेको छ ।
- ✓ महासन्धि १९७ ले ९ प्रकारका सामाजिक सुरक्षा योजनालाई अधिकारको रुपमा कायम गर्नुपर्ने व्यवस्था उल्लेख गरेको छ ।
- ✓ सार्कले सन् १९९८ मा सदस्य राष्ट्रहरुका निम्ति लागू हुने गरी Social Charter पारित गरिसकेको छ ।

- ✓ नेपालको संविधानको धारा ३४ (२) ले मुलुकका प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक सुनिश्चित गरेको छ भने मुलुकका जेष्ठ नागरिक र आर्थिकरुपमा विपन्न, अशक्त र असहाय नागरिकलाई समेत सामाजिक सुरक्षाको हक हुने व्यवस्था गरेको छ ।
- ✓ योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७४ र नियमावली २०७५ एवं सामाजिक सुरक्षा योजना संचालन कार्यविधि २०७५ ले नेपालका श्रमिकहरुले पाउने सामाजिक सुरक्षाका सुविधाहरु योगदान, सुरक्षा योजनाको संचालन र व्यवस्थापन तथा रोजगारदाता एवं श्रमिकको सूचिकरण सम्बन्धमा कानूनी व्यवस्था गरेको छ ।

***<u>सामाजिक सुरक्षा सम्बन्धि अन्तर्राष्ट्रिय श्रम संगठनको महासंन्धि नं. १०२ ले समेटेका सामाजिक सुरक्षाका क्षेत्रहरु :</u>***

- ✓ औषधोपचार सुविधा,
- ✓ बिरामी हुँदाको सुविधा,
- ✓ बेराजगार सुविधा,
- ✓ वृद्धावस्थाको सुविधा,
- ✓ रोजगार सम्बन्धी दुर्घटना भएमा पाउने सुविधा,
- ✓ परिवार सुविधा,
- ✓ मातृत्व संरक्षण सुविधा,
- ✓ अशक्तता सुविधा,
- ✓ आश्रित परिवारहरुको सुविधा,

यस महासन्धिले श्रमिकहरु र श्रमिकका आश्रित परिवारका सदस्यहरुलाई निश्चित सीमा भित्र रही विभिन्न सुविधाहरु उपलव्ध गराउने व्यवस्था गरेको छ ।

## ***पाठ-३***
## ***योगदानमा आधारित सामाजिक सुरक्षा योजना सम्बन्धि व्यवस्था***

***<u>योगदानमा आधारित सामाजिक सुरक्षा योजना भन्नाले के बुझिन्छ ?</u>***

अन्तराष्ट्रिय श्रम संगठनको सामाजिक सुरक्षा सम्बन्धि महासंन्धि १०२ ले सामाजिक सुरक्षाले प्रदान गर्ने सुरक्षा योजनाका क्षेत्रहरु निर्धारण गरेको छ । यसैलाई आधार बनाई योगदानमा आधारित सामाजिक सुरक्षा ऐनले निर्धारण गरेको सुरक्षा योजनालाई नै योगदानमा आधारित सामाजिक सुरक्षा योजना भनिन्छ । जस अन्तर्गत

- ✓ औषधोपचार तथा स्वास्थ्य सुविधा योजना ।
- ✓ मातृत्व सुरक्षा योजना ।
- ✓ दुर्घटना सुरक्षा योजना ।
- ✓ अशक्तता सुरक्षा योजना ।
- ✓ बृद्धवस्था सुरक्षा योजना ।
- ✓ आश्रित परिवार सुरक्षा योजना ।
- ✓ बेरोजगार सहायता योजना ।
- ✓ कोषले समय समयमा तोकेका अन्य सामाजिक सुरक्षा योजनाहरु पर्दछन् ।

***<u>योगदानमा आधारित सामाजिक सुरक्षा योजनाबाट प्राप्त हुने सुविधाहरु के के हुन ?</u>***

***१) औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना***

क) औषधि उपचार, स्वास्थ तथा मातृत्व सुरक्षा योजना कसले पाउँछ ?

- ✓ सामाजिक सुरक्षा कोषमा कम्तिमा ६ महिना नियमित योगदान गर्नेश्रमिकले औषधी उपचार तथा स्वास्थ्य सुविधा पाउछ ।
- ✓ मातृत्व सुरक्षाको हकमा पछिल्लो १८ महिनाको अवधिमा कम्तिमा १२ महिना योगदान गरेका गर्भवती श्रमिक वा योगदानकर्ताको पत्नीले यो सुविधा पाउँछन् ।

***ख) के सुविधा पाउँछन् ?***

- ✓ चिकित्सकको परामर्श सेवा,
- ✓ अस्पताल भर्ना तथा शल्यक्रिया वापतको शुल्क,
- ✓ रोगको परीक्षण तथा उपचार वापतको खर्च,
- ✓ औषधिको बिल वमोजिमको खर्च,
- ✓ अस्पतालमा भर्ना नभएको तर उपचारका लागि अस्पतालमा आवत जावत गर्न सक्ने अवस्था नभई घरैमा बसी उपचार गराएकोमा चिकित्सक वा स्वास्थ्यकर्मीले विरामीको घरमै गई प्रदान गरेको परामर्श सेवा बापतको शुल्क ।
- ✓ योगदानकर्ता वा योगदानकर्ताको श्रीमतीको नियमित गर्भ परीक्षण, अस्पताल भर्ना, शल्यक्रिया तथा तीन महिनासम्मको शिशुको उपचार वापतको खर्च

***ग) कस्तो अवस्थामा सुविधा पाउँदैनन ?***

- ✓ दुर्घटना भई उपचारको लागि आवश्यक पर्ने अवस्थामा बाहेक प्लाष्टिक सर्जरी तथा दाँतको उपचार वापतको खर्च,
- ✓ बारियट्रिक सर्जरी (बोसो निकाल्ने वापतको खर्च,
- ✓ देशव्यापी रुपमा महामारी फैलिई कोषले खर्च धान्न नसक्ने भै योजना निलम्वन गरेको
- ✓ अवस्थामा ।
- ✓ दुर्घटना तथा अशक्तता सुरक्षा योजना अर्न्तगत यस परिच्छेदमा उल्लेख भएको समान
- ✓ सुविधा प्राप्त गरेको अवस्थामा ।
- ✓ योगदानकर्ता वा योगदानकर्ताको श्रीमती प्रसूति भएको अवस्थामा प्रसूति स्याहारको लागि प्रति शिशु एक महिनाको न्यूनतम पारिश्रमिक बराबरको रकम उपलब्ध गराईने छ र यस्तो रकम २४ हप्ता भन्दा बढी अवधिको गर्भपतन भएको अवस्थामा समेत प्रदान गरिनेछ । पति र पत्नी दुवै योगदानकर्ता भएको अवस्थामा भने कुनै एक जनाले मात्र यस्तो सुविधा दाबी गर्नु पर्नेछ ।

***घ) के योगदानकर्ताले पाउने सुविधा असीमित हुन्छ ?***

- ✓ यो सुविधा असीमित हुँदैन ।
- ✓ सुविधाको सीमा
    - अस्पतालमा भर्ना भई उपचार गराउँदा वर्षमा बढीमा एक लाख रुपैयाँसम्म ।
    - धरैमा बसि उपचार गराउँदा बर्षमा बढीमा पच्चिस हजार रुपैयाँसम्म ।
    - यस्तो सुविधा दावी गर्दा कुल दावी रकमको २०% रकम योगदानकर्ता आफैंले तिर्नुपर्दछ ।

***ङ) बिरामी भई बिदामा बस्दा कति पारिश्रमिक पाउँछन ?***

- ✓ १२ दिन बिरामी बिदा वापत पुरै पारिश्रमिक रोजगारदाताबाट पाउने ।
- ✓ सो भन्दा बढी बिरामी भई बिदामा बस्नु पर्दा १३ हप्तासम्मका लागि आधारभूत पारिश्रमिकको ६०% रकम कोषबाट पाउने ।

२. *दुर्घटना तथा अशक्तता सुरक्षा योजना*

*क) सुविधा कसले पाउँछ ?*

- ✓ रोजगारीजन्य दुर्घटनामा परी उपचार गर्नुपर्ने अवस्थाका श्रमिकले ।
- ✓ व्यवसायजन्य रोग लागेका श्रमिकले ।
- ✓ रोजगारीजन्य बाहेक अन्य दुर्घटनामा परेका श्रमिकले ।

*ख) के सुविधा पाउँछन् ?*

- ✓ रोजगारदाताले तोकेको काम गर्दा वा कार्य समय भित्र वा कामको लागि जाने आउने क्रममा भएको सवै प्रकारको रोजगारीजन्य दुर्घटनामा परेको वा व्यवसायजन्य रोग लागेको श्रमिकको उपचार गर्दा लाग्ने सम्पूर्ण खर्च
- ✓ रोजगारीजन्य वाहेक अन्य दुर्घटना भएको अवस्थामा बढीमा सात लाखको रुपैयाँसम्मको खर्च ।
- ✓ तर प्राकृतिक विपत्तिको कारण दुर्घटना भएकोमा वा सडक दुर्घटना भएकोमा वा अन्य वीमा प्रणालीबाट सुविधा पाउने अवस्थामा सामाजिक सुरक्षा कोषले कुनै खर्च व्यहोर्ने छैन ।
- ✓ अस्थायी रुपमा काम गर्न असक्षम भएको श्रमिकले निजले खाइपाई आएको आधारभूत पारिश्रमिकको साठी प्रतिशत बराबरको रकम मासिक रुपमा निज काममा नफर्कदासम्म पाउनेछ ।
- ✓ स्थायी रुपमा काम गर्न असक्षम भएमा योगदानकर्ताको असक्षमताको अनुपातमा निजले खाईपाई आएको आधारभूत पारिश्रमिकको साठी प्रतिशतलाई शत प्रतिशत मानि जीवनभर निवृत्तिभरण ।
- ✓ स्थायी रुपमा काम गर्न असक्षम भएको श्रमिकले निजले खाइपाई आएको आधारभूत पारिश्रमिकको साठी प्रतिशत बराबरको रकम मासिकरुपमा जीवनभर निवृत्तिभरण पाउने । यस्तो रकम निजलाई वा निजलाई हेरचाह गर्ने व्यक्ति वा संस्थालाई समेत प्रदान गर्ने व्यवस्था गरिएको छ ।

३. *आश्रित परिवार सुरक्षा योजना*

*क) सुविधा कसले पाउँछ ।*

- ✓ दुर्घटना वा व्यवसायजन्य रोगका कारणबाट श्रमिकको मृत्यु भएमा निजको पति वा पत्नी, छोरा, छोरी वा बावु आमा मध्ये प्राथमिकताको क्रममा सुविधा दिइनेछ ।

*ख) के सुविधा पाउँछन् ?*

- ✓ दुर्घटना वा व्यवसायजन्य रोगका कारणबाट मृत्यु भएका श्रमिकको पति वा पत्नीले योगदानकर्ताको अन्तिम आधारभूत पारिश्रमिकको साठी प्रतिशतको दरले जीवनभरनिवृत्तभरण । तर पति वा पत्नीलेअर्को विवाह गरेमा वा निजको वैकल्पिक रोजगार रहेको अवस्थामा भने यो सुविधा दिईने छैन ।
- ✓ योगदानकर्ताको मृत्यु भएको अवस्थामा निजको अठार वर्ष उमेर पुरा नभएको सन्ततिले शैक्षिक बृत्ति । एक भन्दा वढी सन्तति सुविधा पाउने अवस्थाको भएमा आधारभूत पारिश्रमिकको साठी प्रतिशत रकमलाई दामासाहीले प्रदान गरिने छ । तर अध्ययनरत आश्रित सन्तति निरन्तर अध्ययनरत रहेमा निज २१ वर्षसम्म पुरा नभएसम्म वा निजले विवाह नगरेसम्म मात्र यस्तो त्यस्तो सुविधा प्रदान गर्न सकिनेछ ।

- ✓ योगदानकर्ताको मृत्यु भएकोमा निजको पति वा पत्नि वा सन्तान नभई सगोलमा बस्ने आमा बुवा भएमा योगदानकर्ताको आधारभूत पारिश्रमिकको ६० प्रतिशत रकम दामासाहिले पाउने, तर निजहरुको बैकल्पिक रोजगारी भएमा वा कोषले दिने रकम भन्दा बढी सुविधा अन्यत्रबाट पाउने भएमा कोषले थप सुविधा दिने छैन ।

***ग) अन्तिम संस्कार खर्च पाउने :***

- ✓ योगदानकर्ता वा स्थायी असक्षमता भई सुविधा लिने व्यक्तिको मुत्यु भएमा निजको आश्रितले पच्चीस हजार रुपैयाँ अन्तिम संस्कार खर्च प्रदान गरिनेछ ।

***४. बृद्धावस्था सुरक्षा योजना***

यस योजनामा निम्न दुई मध्ये एक योजनामा सहभागि हुन पाउने

- ✓ अवकास सुविधा योजना
- ✓ निवृत्तिभरण सुविधा योजना (पेन्सन)

***क) अवकास योजनामा को सहभागी हुन पाउँछ ?***

- ✓ हाल सञ्चयकोष र उपदान सुविधा पाइरहेकाहरु ।

***ख) सेवा अन्त्य हुँदा पाउने सुविधा***

- ✓ सञ्चयकोष रकम (रोजगारदाताबाट १० प्रतिशत र श्रमिकको १० प्रतिशत रकमको योग)
- ✓ उपदान रकम (रोजगारदाताले योगदान गर्ने ८.३३ प्रतिशत रकम)
- ✓ उल्लेखित रकमको लगानीबाट प्राप्त हुने लाभांश तथा प्रतिफल समेत सेवा अन्त्य हुँदाको बखत पाउने ।

***ग) निवृत्तिभरण कसले लिन पाउँछ ?***

- ✓ २०७६ साल श्रावण १ गते पछि रोजगारीमा आउने श्रमिक,
- ✓ हाल उपदान र सञ्चयकोष पाइरहेका श्रमिकको हकमा निवृत्तिभरण योजना लिने गरी प्रतिष्ठानमा सामूहिक सौदावाजी भएमा ।

***घ) निवृत्तिभरण कहिलेबाट र रकम कति पाउँछन् ?***

- ✓ ६० वर्ष पुरा भएका श्रमिकले जिवनभर पाउने ।
- ✓ अवकास हुँदाका मितिसम्म जम्मा भएको कुल योगदानमा प्रतिफल समेत थप गरी हुने कुल रकमलाई १८० ले भाग गर्दा हुने रकम जिवनभर प्रति महिना भूक्तानी पाउने ।
- ✓ ६० वर्ष उमेर नपुगी मृत्यु भएमा निजको नाममा कोषमा जम्मा गरेको योगदान र प्राप्त प्रतिफल समेत निजको आश्रित पारिवारले पाउने ।

***कस्ता प्रकारका श्रमिकहरुले सामाजिक सुरक्षा योजनामा सहभागी हुन पाउँदछन ?***

श्रम ऐन बमोजिम पारिश्रमिक लिई रोजगारदाताको लागि शारीरिक वा वौद्धिक कार्य गर्ने कामदार, कर्मचारी वा जुनसुकै पद नाम दिई काममा लगाइएको व्यक्तिलाई श्रमिक भनिन्छ । रोजगारदाताले नियमित, कार्यगत, समयगत आकस्मिक एवं आंशिक रोजगारीमा लगाइएका र रोजगारदाता मार्फत कोषमा सूचिकरण भएका श्रमिकहरु यस योजनामा सहभागि हुन पाउँदछन् । अनौपचारिक तथा स्वरोजगार क्षेत्रमा संलग्न श्रमिकको हकमा कोषको सिफारिशमा सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको श्रमिक सामाजिक सुरक्षा योजनामा सहभागि हुन सक्दछन ।

***आश्रित परिवार भन्नाले के बुझिन्छ ?***

"आश्रित परिवार" भन्नाले योगदानकर्ताको एकासगोलमा बस्ने जीवित पति वा पत्नी, छोरा, बुहारी वा छोरी, बाबु, आमा, सासू वा ससुरा, नाति वा नातिनी भन्ने बुझिन्छ ।

## ***पाठ- ४***
## ***सामाजिक सुरक्षा योजनामा रोजगारदाता तथा श्रमिकको योगदान सम्बन्धि व्यवस्था***

***सामाजिक सुरक्षाको योगदान भन्नाले के बुझिन्छ ?***

सामाजिक सुरक्षा कोषले सञ्चालन गर्ने सामाजिक सुरक्षा योजनाबाट सुरक्षा पाउनका लागि योग्य बन्न श्रमिक र रोजगारदाताले नियमित रुपमा कोषमा जम्मा गर्नु पर्ने वा जम्मा गरेको रकमलाई योगदान भनिन्छ ।

***योगदानको दर कसरी निर्धारण गरिन्छ ?***

सामाजिक सुरक्षा कोषमा श्रमिक तथा रोजगारदाता दुवै तर्फबाट गर्नु पर्ने योगदानको दर नेपाल राजपत्रमा सूचना प्रकाशित गरी निर्धारण गरिन्छ । योगदानको दर निर्धारण गर्दा सूचिकृत रोजगारदाताले श्रमिकको आधारभूत पारिश्रमिकबाट निश्चित प्रतिशत रकम कट्टा गरी रोजगारदाताले पनि तोकिएको अनुपातमा रकम थप गरी कोषमा प्रत्येक महिना जम्मा गर्दछ । कोषमा रहेको त्रिपक्षीय संचालक समितिको सिफारिशमा सम्बन्धित मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी योगदानको दर हेरफेर गर्न सक्ने व्यवस्था गरेको छ ।

***योगदान रकम कसरी संकलन र बाँडफाँड गरिन्छ ?***

प्रत्येक श्रमिकको मासिक पारिश्रमिकबाट सामाजिक सुरक्षा योजनामा ऐन बमोजिम कट्टा गर्न पाउने रकम रोजगारदाताले निजको तर्फबाट कानुन बमोजिम कोषमा जम्मा गर्नु पर्ने रकम समेत थप गरी हरेक महिना सामाजिक सुरक्षा कोषको खातामा देहाय बमोजिम जम्मा गरिन्छ ।

- ✓ कोषमा नियमित वा कार्यगत वा समयगत वा दैनिक/आकस्मिक वा आंशिक समय काम गर्ने लगायतका सबै श्रमिकले आधारभूत पारिश्रमिकको १० प्रतिशत सञ्चयकोष वापतको रकम र १ प्रतिशत सामाजिक सुरक्षा कर वापत कट्टा गरी लिएको रकम गरी ११ प्रतिशत रकम, त्यसैगरी रोजगारदाताले उपदान, निवृत्तिभरण र अन्य सुविधा वापत श्रमिकलाई उपलव्ध गराउनु पर्ने रकम २० प्रतिशत समेत गरी जम्मा ३१ प्रतिशत जम्मा गर्नुपर्दछ ।
- ✓ यस्तो रकम कोषले सम्झौता गरेको बैंक वा वित्तिय संस्था मार्फत वा कोषको कार्यालयमा दाखिला गर्न सकिन्छ ।
- ✓ उक्त रकम मध्येबाट कोषले बृद्धावस्था संरक्षणमा २८.३३ प्रतिश खर्च गर्ने छ । सो बाहेक बाँकी २.६७ प्रतिशत मध्येबाट औषधि उपचार तथा स्वास्थ्य सुरक्षा योजनामा ०.३ प्रतिशत, दुर्घटना र अशक्तता सुरक्षा योजनामा १.४ प्रतिशत र आश्रित परिवार सुरक्षा योजनामा ०.२७ प्रतिशत प्रयोग गरिनेछ ।

***योगदान योग्य आय भन्नाले के बुझिन्छ ?***

श्रमिकले जुनसुकै प्रकारको रोजगारीबाट आर्जन गरेको कानुन बमोजिम कर कट्टी गर्नु पूर्वको आधारभूत पारिश्रमिक रकमलाई योग्य आय भन्ने बुझिन्छ ।

***योगदानकर्ता भनेर कसलाई चिनिन्छ ?***

सामाजिक सुरक्षा योजनामा सुचिकृत भई सामाजिक सुरक्षा नं. लिएको श्रमिक, अनौपचारिक तथा स्वरोजगारमा संलग्न रहेको ब्यक्ति रसरकारी सेवामा बहाल रहेको सामाजिक सुरक्षाको योगदान बुझाउने कर्मचारी/श्रमिकलाई योगदानकर्ता भनेर चिनिन्छ ।

***<u>कस्तो अवस्थामा योगदानको दर हेरफेर हुन सक्दछ ?</u>***

सामाजिक सुरक्षा योजनामा सहभागी भएका श्रमिक र स्वरोजगारमा रहेको व्यक्तिको संख्या, मुद्रास्फिति, कोषको आर्थिक अवस्था, समाजिक सुरक्षा योजनाको संख्याको आधारमा संचालक समितिको सिफारिसमा श्रम तथा रोजगार मन्त्रालयबाट नेपाल राजपत्रमा सूचना प्रकाशन गरी योगदानको दर समय समयमा थपघट वा हेरफेर गर्न सक्दछ ।

## *पाठ- ५*
## *रोजगारदाता तथा श्रमिकको सूचिकरण तथा परिचयपत्र सम्बन्धि व्यवस्था*

***<u>सूचिकरण भन्नाले के बुझिन्छ ?</u>***

सामाजिक सुरक्षा कोषले तोकेको समयभित्र रोजगारदाताले आफ्नो उद्योग, सेवा, व्यवसाय वा कारोवार गरेको प्रतिष्ठानको कार्य प्रकृति खुल्ने गरी तोकिएको ढाँचामा अनलाईन प्रणाली मार्फत् कोषमा दर्ता गरी प्रतिष्ठानको सूचिकरण सम्बन्धमा प्रमाण पत्र प्राप्त गरेको र श्रमिकले कोषबाट प्राप्त गर्ने परिचय पत्र सहितको सुरक्षा नम्बरलाई बुझाउँदछ ।

***<u>रोजगारदाताको सूचिकरण भनेको के हो ?</u>***

कोषको सिफारिशमा सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिएको क्षेत्र तथा विभिन्न प्रकृतिका उद्योग, सेवा, व्यवसाय वा कारोवार सञ्चालन गर्ने रोजगारदाताले तोकिएको समयभित्र तोकिएको ढाँचामा आफ्नो उद्योग, व्यवशाय वा कारोवार गरेको प्रतिष्ठानको विवरण दर्ता गर्ने र कोषबाट प्रमाणपत्र सहित सूचिकरण नं. लिने कार्यलाई जनाउँदछ ।

***<u>श्रमिकको सूचिकरण भनेको के हो ?</u>***

रोजगारदाता मार्फत सामाजिक सुरक्षा कोषबाट श्रमिकको सूचिकरण भए पश्चात प्रत्येक श्रमिकले परिचय पत्र सहित सामाजिक सुरक्षा नं लिने व्यवस्थालाई श्रमिकको सूचिकरण भनिन्छ । श्रमिकको यस्तो सामाजिक सुरक्षा नम्बर रोजगारीको अवधि भर सधैं एउटै रहन्छ । एउटा प्रतिष्ठानमा काम गरेको श्रमिक अर्को प्रतिष्ठानमा काम गर्न जाँदा पनि उक्त सामाजिक सुरक्षा नम्बर एउटै रहन्छ । यसबाट रोजगारदाता फरक फरक भएपनि श्रमिकले पाउने सुविधामा फरक नपर्ने हुन्छ । ऐन बमोजिम सूचिकरण भएको दिन देखि सम्बन्धित श्रमिक सामाजिक सुरक्षा योजनामा समावेश भएको मानिन्छ ।

***<u>सामाजिक सुरक्षा कोषमा रोजगारदाता तथा श्रमिकको सुचिकरण प्रक्रिया</u>***

- ✓ श्रम तथा रोजगार मन्त्रालयले संचालक समितिको सिफारिसमा नेपाल सरकारको राजपत्रमा सूचना प्रकाशन गरी सम्बन्धित क्षेत्र तथा प्रकृतिका उद्योग, सेवा, व्यवसाय वा कारोबार सञ्चालन गर्ने रोजगारदातालाई सुचिकरण हुन आउन आव्हान गर्दछ ।
- ✓ ऐन प्रारम्भ हुँदाका बखत कायम रहेको रोजगारदाताले ऐन प्रारम्भ भएको मितिले ६ महिनाभित्र सूचिकरण गरिसक्नु पर्नेछ ।
- ✓ ऐन प्रारम्भ भए पछि सूचीकृत हुने रोजगारदाताले आफूले नियुक्त गरेको वा रोजगार सम्बन्ध कायम गरेको व्यक्तिलाई यस्तो सम्बन्ध कायम भएको मितिले तीन महिना भित्र सुचिकरण गर्नुपर्नेछ ।

- ✓ तोकिएको अवधिभित्र कुनै रोजगारदाताले कोषमा कुनै श्रमिकको सूचीकरण नगरेमा सम्बन्धित श्रमिकले कोषमा सूचिकरणका लागि निवेदन दिनु पर्नेछ र कोषले रोजगारदातालाई श्रमिकको सूचिकरण गर्न आदेश दिन सक्नेछ ।

***श्रमिकको सूचिकरण नभएमा के हुन्छ ?***

श्रमिकको सामाजिक सुरक्षा कोषमा सुचिकरण नभएमा सामाजिक सुरक्षा योजनाका सुविधाहरु पाउनबाट बञ्चित हुन्छ । रोजगारदाताले आफु वा आफुसंग कार्यरत श्रमिकलाई कोषमा सुचिकरण नगरेमा सामाजिक सुरक्षा कोषले

- ✓ तत्काल कोषमा आफ्नो सूचिकरण गर्न र श्रमिकको सुचिकरण गराउन ।
- ✓ श्रमिकसंग रोजगार सम्बन्ध कायम भएको मिति देखिको योगदान र सोमा ब्याज रकम समेत थप गरी कोषमा जम्मा गर्न ।
- ✓ श्रमिकको रोजगारी अन्त्य भइसकेको भए रोजगारीमा रहेको अवधिसम्मको सुविधा सम्बन्धित श्रमिकलाई उपलब्ध गराउन रोजगारदातालाई आदेश दिने ।

## *पाठ-६*
## *विविध*

***रोजगारदाताले जम्मा गर्नुपर्ने योगदान रकम कोषमा जम्मा नगरेमा के कारवाही हुन्छ ?***

ऐनमा व्यवस्था भए बमोजिम योगदान नगर्ने वा कोषको निर्देशन अनुसार भूक्तानी नगर्ने रोजगारदातालाई देहाय अनुसारको एक वा सवै कारवाही गर्न सक्ने व्यवस्था रहेको छ ।

- ✓ बैङ्क तथा वित्तीय संस्थामा रहेको खाता रोक्का रहन्छ ।
- ✓ सम्बन्धित व्यक्ति वा संस्थाको चल अचल सम्पत्ति रोक्का रहन्छ ।
- ✓ प्रचलित कानून बमोजिम पाउने छुट सहुलियत निलम्बन गर्ने वा रोक्का रहन्छ ।
- ✓ सम्बन्धित व्यक्ति वा संस्थाको नाममा रहेको अनुमतिपत्र वा इजाजतपत्र निलम्बन हुन्छ ।
- ✓ सम्बन्धित व्यक्तिको राहदानी रोक्का रहन्छ ।

***योगदानमा आधारित सामाजिक सुरक्षा कोष संचालनमा नेपाल सरकारको भूमिका र दायित्व***

सामाजिक सुरक्षा कोषको रेखदेख, संचालन र व्यवस्थापनका लागि सरकारले सरकार, रोजगारदाता र श्रमिकका प्रतिनिधिहरु रहेको त्रिपक्षीय सामाजिक सुरक्षा कोष सञ्चालन समिति गठन गर्ने व्यवस्था ऐनमा गरेको छ र सम्बन्धित मन्त्रालयको सिफारिशमा सरकारले सामाजिक सुरक्षा कार्यान्वयनका लागि आवश्यक नियम बनाउन सक्ने, निर्देशन दिने र मुद्दा परेमा वादीको रुपमा प्रस्तुत हुने र कुनै कारणले सामाजिक सुरक्षा योजनामा सहभागी योगदानकर्तालाई सामाजिक सुरक्षा योजना बमोजिमको सुविधा उपलव्ध गराउन कोषमा भएको रकम अपर्याप्त भएमा सामाजिक सुरक्षा योजनालाई निरन्तरता दिने दायित्व हुने व्यवस्था रहेको छ ।